आज मिति २०८२ साल मंसिर महिनाको ४ गतेका दिन बिहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ८२औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री शंकर प्र. घिमिरे | सि. ले. पा. | |
| ३ | श्री [illegible] भण्डारी | योजना तथा अनुगमन शाखा | |

CamScanner

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ८२
मितिः २०८२/०८/०४
समयः बिहान ११ बजे
स्थानः नगरपालिकाको सभाहल

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. लेखा समिति गठन सम्बन्धमा।
३. विभिन्न विद्यालयमा शिक्षक राख्ने सम्बन्धमा।
४. हेरालु कर्मचारी सम्बन्धमा।
५. मौरी प्रवर्धन नीति सम्बन्धमा।
६. स्वास्थ्य नीति तथा रणनीति परिमार्जन सम्बन्धमा।
७. प्राथमिक स्वास्थ्य केन्द्रमा कर्मचारीहरुलाई अनुदान सम्बन्धमा।
८. हाटबजारमा कर्मचारी राख्ने सम्बन्धमा।
९. महोत्सव अनुमती सम्बन्धमा।
१०. करार कर्मचारी सम्बन्धमा।
११. भिंग्री धनबाङ स्वर्गद्वारी मोटर बाटो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा।
१२. विभिन्न निवेदन सम्बन्धमा।
१३. विविध

निर्णयहरुः

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०७/२६ गते बसेको ८१औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको नगर सभा अन्तर्गतको लेखा समिति हाल सम्म श्री कृष्ण बहादुर रोकाय ज्युको संयोजकत्वमा रहेकोमा उक्त समितिलाई तपसिल अनुसार पुनः गठन गर्ने निर्णय गरियो।

तपसिलः

संयोजकः श्री पूर्ण बहादुर घर्ति
सदस्यः श्री दोर्ण रावल
सदस्यः श्री धनि सुनार
सदस्य सचिवः श्री ऋषिकेश भण्डारी

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रशासकीय अधिकृत

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकामा रहेका तपसिलका बालविकास केन्द्रलाई देहाय अनुसार स्थानान्तरण गर्ने निर्णय गरियो।

तपसिल:

| क.स. | बाल विकास केन्द्रको नाम | साविकको ठेगाना | स्थानान्तरण गरिएको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | सरस्वती बालविकास केन्द्र | स्व.न.पा-८, बर्जिबाङ | स्व.न.पा-६, सालाबाङ | |
| २ | जोरपोखरी बालविकास केन्द्र | स्व.न.पा-६, सालाबाङ | सुर्योदय मा.वि. स्व.न.पा-६, बेलबास | |

स्वर्गद्वारी नगरपालिकामा विविध कारणले रिक्त भएका तथा आवश्यकताको आधारमा तपसिलका विद्यालयहरुमा तपसिलका शिक्षक तथा दरबन्दीलाई दरबन्दी मिलान गर्ने निर्णय गरियो।

| क.स. | शिक्षकको नामथर | साविकको विद्यालय | दरबन्दी मिलान गरिएको विद्यालय | |
|---|---|---|---|---|
| १ | देव बहादुर के.सी. | जनजागृती प्रा.वि. स्व.न.पा-३, किमिचौर | अमर मा.वि. स्व.न.पा-३ | |
| २ | सविता रिजाल | बालकल्याण प्रा.वि. स्व.न.पा-९, सिम्ले | जनजागृती प्रा.वि. स्व.न.पा-३, किमिचौर | |
| ३ | तुल्सीराम खनाल | बाल संस्कृत मा.वि. स्व.न.पा-२, धरमपानी | गुरुकुलम आश्रम स्व.न.पा-२, आश्रम | |
| ४ | कमला पोखेल | गुरुकुलम आश्रम स्व.न.पा-२, आश्रम | बाल संस्कृत मा.वि. स्व.न.पा-२, धरमपानी | |
| ५ | रुक बहादुर खत्री | दिपेन्द्र प्रा.वि. स्व.न.पा-२, नयाँगाउँ | बाल संस्कृत मा.वि. स्व.न.पा-२, धरमपानी | तलबभत्ता दिपेन्द्र प्रा.वि बाट लिने गरी कामकाज |

स्वर्गद्वारी नगरपालिकामा विविध कारणले रिक्त भएका तथा आवश्यकताको आधारमा तपसिलका विद्यालयहरुमा तपसिलका राहात शिक्षकलाई कामकाजमा खटाउने गर्ने निर्णय गरियो।

| क.स. | शिक्षकको नामथर | साविकको विद्यालय | दरबन्दी मिलान गरिएको विद्यालय | |
|---|---|---|---|---|
| १ | पार्वती खनाल | गोठिबाङ प्रा.वि स्व.न.पा-४, गोठिबाङ | चन्द्रेश्वरी प्रा.वि. स्व.न.पा-४, भिंग्री | |
| २ | मुकुन्द पोखेल | चन्द्रेश्वरी प्रा.वि. स्व.न.पा-४, भिंग्री | पृथ्वी ने.रा.प्रा.वि. स्व.न.पा-२, धनबाङ | |

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | कालिका रेग्मी | पृथ्वी ने.रा.प्रा.वि.<br>स्व.न.पा-२ धनबाङ | गोठिबाङ प्रा.वि<br>स्व.न.पा-४, गोठिबाङ | |

**निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न संरचनाहरु साविक देखि हेर्दै आएका हेरालुहरुलाई मासिक रु ८०००/- का दरले पारिश्रमिक खर्च प्रदान गर्दै आएकोमा चालु आ.व. मा पनि निरन्तरता दिने साथै मिति २०८२ श्रावण देखि हालसम्मको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकाको स्वर्गद्वारी नगरपालिका मौरी प्रवर्द्धन नीति, २०८२ छलफल पश्चात सर्व सम्मत स्वीकृत गरियो। उक्त नीति आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकाको मौजुदा स्वास्थ्य नीति तथा रणनीति २०७६-२०८१ को अवधि समाप्त भएकाले हाल सम्मको रणनीतिको प्रभावकारिताको समिक्षा सहित परिमार्जनका लागि पेश गर्न स्वास्थ्य शाखा, सामाजिक विकास समिति र विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा** प्राथमिक स्वास्थ्य केन्द्र सम्बन्धी प्रस्ताव अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा** हाटबजारको सरसफाई लगायतको कामका लागि नगरपालिका तथा वडामा कार्यरत कार्यालय सहयोगीहरुबाटै व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा** उद्योग बाणिज्य संघ स्वर्गद्वारी नगर समितिबाट स्वर्गद्वारी महोत्सव २०८२ संचालन गर्न अनुमती माग भएकोमा संचालन गर्न दिने निर्णय गरियो।

**निर्णय नं.(१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा** मिति २०८२ असोज २७ गतेको नगर कार्यपालिकाको निर्णय वमोजिम नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८ गतेको परिपत्र अनुसार यस नगरपालिकाको स्वीकृत दरबन्दी भन्दा बाहेकका कर्मचारीहरुको करार सम्झौता म्याद थप नभएका प्राविधिक चौथो तह अ-सब इन्जिनियर मध्ये वरिष्ठतम कर्मचारी एक जनाको मिति २०८२/०८/०५ गते देखि लागु हुने गरी सेवा करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं.(११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा** सरोकार संञ्चार तथा मानव शंसाधन विकास केन्द्र बाग्दुला प्यूठानले तयार पारेको स्वर्गद्वारी नगरपालिका वडा नं. २ र ३ मा पर्ने भिंग्री धनबाङ स्वर्गद्वारी मोटरबाटो निर्माणको लागि तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदनको मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.(१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा** तपसिलका निवेदकहरुको हकमा तपसिल बमोजिमको निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७१

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तपसिलः

| क्र स | निवेदकको नामथर | ठेगाना | विषय | निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रचिता भुषाल | स्व.न.पा-७ | खेलमा सहभागीताको लागि आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट रु १० हजार दिने | |
| २ | रिकि सुनार | स्व.न.पा-७ | भुकम्प पीडित राहत रकम उपलब्ध सम्बन्धमा | वितद् कार्यविधि अनुसार दिने | |
| ३ | मालती सुनार | स्व.न.पा-७ | भुकम्प पीडित राहत रकम उपलब्ध सम्बन्धमा | वितद् कार्यविधि अनुसार दिने | |
| ४ | मिलन श्रेष्ठ | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| ५ | बलराम श्रेष्ठ | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| ६ | प्रेम मोहन खड्का | स्व.न.पा-४ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट २० हजार दिने | |
| ७ | खेमराज गोराथोकी | स्व.न.पा-७ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| ८ | शान्ती देवी सुनार | स्व.न.पा-८ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| ९ | चन्द्री देवी सार्की | स्व.न.पा-३ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| १० | यामी घर्ति मगर | स्व.न.पा-३ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | बिरामी गोपाल बहादुर घर्ति मगर(श्री मान) |

स्वर्गद्वारी नगरपालिका २०७३

दीपराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | सिता राना मगर | स्व.न.पा-८ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |
| १२ | इश्वर बहादुर घर्ति मगर | स्व.न.पा-५ | आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक सहायता शीर्षकबाट १० हजार दिने | |

निर्णय नं.(१३) प्रस्ताव नं. १३ विविध माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका अन्तर्गत संचालित भिंग्री आयुर्वेदिक औषधालयको नाममा दर्ता श्रेस्ता कायम भएको कम्पाउण्ड परिसर भित्रका काँचो सिमल, सुकेको र सुक्न लागेका श्रीखण्डका बोटहरु न्यूनतम मुल्य कायम गरी वन कार्यालयसँग समन्वय गरी आवश्यक प्रक्रिया पूरा गरेर लिलाम बढाबढबाट विक्रि गर्ने निर्णय गरियो।

अन्त्यमा आजको ८२औं कार्यपालिका वैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

.............................

(केशवराज भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत